REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 14.10.2026

सिक्किमका मुख्यमन्त्रीले भोलि लुङचोकमा 'आयुर्वेद तथा वेलनेस सेन्टर' को शिलान्यास गर्दैछन्। (स्रोत: डेस्क)

मुख्यमन्त्री प्रेम सिंह तामाङले भोलि पाक्योङ जिल्लाअन्तर्गत छुजाचेन निर्वाचन क्षेत्रको लुङचोकमा उत्तर-पूर्वको सबैभन्दा ठूलो 'समग्र आयुर्वेद तथा आरोग्य केन्द्र' को शिलान्यास गर्नुहुनेछ।

सिक्किम सरकारको आयुष (AYUSH) विभागद्वारा विकासित यो संस्थान ५० एकड जमिनमा निर्माण गरिनेछ भने यसका लागि ६०० करोड रुपियाँभन्दा अधिक लगानी अनुमान गरिएको छ।

सञ्चारकर्मीहरूसँग कुरा गर्दै सिक्किम स्वास्थ्य मन्त्री जी.टी. ढुंगेलले यस संस्थानले आयुर्वेद, युनानी, होमियोप्याथी, सोवा-रिग्पा, योग र प्राकृतिक चिकित्सा (नेचुरोप्याथी) लगायत परम्परागत तथा वैकल्पिक स्वास्थ्य सेवा प्रणालीहरूलाई एकीकृत गर्ने लक्ष्य राखेको जनाउनु भयो।

दक्षिण कोरियामा त्रिवेणी राईको आगामी परियोजनाले 'एपीएम बुसान अवार्ड' जित्यो (स्रोत: डीआर दुलाल)

सिक्किमकी अन्तर्राष्ट्रिय ख्यातिप्राप्त चलचित्र निर्माता त्रिवेणी राईको आगामी कथानक चलचित्र 'अ क्रोनिकल अफ माइनर थिङ्स' (A Chronicle of Minor Things) ले दक्षिण कोरियामा सम्पन्न बुसान अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको 'एसियन प्रोजेक्ट मार्केट' मा शीर्ष पुरस्कार मानिने 'एपीएम बुसान अवार्ड' तथा 'सोरफोन्ड अवार्ड' जितेको छ।

४८ देशबाट प्राप्त कीर्तिमानी ६०४ आवेदनहरूमध्येबाट यो परियोजना छनोट गरिएको थियो। उक्त अवार्ड जितेपछि सुश्री राई खुसी व्यक्त गर्दै यस परियोजनाको विकास गर्न थालेको र यी पुरस्कारहरूले उनीहरूलाई सही दिशातर्फ अघि बढाइरहेको बताइन्।

डा. अनिल कुमार यादव 'गोल्डेन बुक अफ वर्ल्ड रेकर्ड्स' मा सूचीकृत (स्रोत: डेस्क)

सेन्ट जेभियर्स स्कुल (पाक्योङ) र सिक्किम गभर्नमेन्ट कलेज (तादोङ) का पूर्वविद्यार्थी डा. अनिल कुमार यादवले भारतका २० राज्य तथा केन्द्र शासित प्रदेशहरूमा रहेका २७ वटा विश्वविद्यालयहरूबाट ५६ वटा स्नातकोत्तर (Postgraduate) योग्यता हासिल गरी 'गोल्डेन बुक अफ वर्ल्ड रेकर्ड्स' मा आफ्नो नाम लेखाउन सफल भएका छन्।

'गोल्डेन बुक अफ वर्ल्ड रेकर्ड्स' द्वारा जारी उत्कृष्टताको प्रमाणपत्र अनुसार, डा. यादवले ३० जुन २०२६ सम्ममा ती ५६ स्नातकोत्तर योग्यताहरू हासिल गरेका थिए। आफ्ना शैक्षिक उपलब्धिहरूका लागि डा. यादवका नाम 'लिम्का बुक अफ रेकर्ड्स', 'एसिया बुक अफ रेकर्ड्स' 'इन्डिया बुक अफ रेकर्ड्स' आदिमा पनि समावेश भइसकेका छन्।

गान्तोक ओल्ड युथ क्लबले 'सिक्किम ओपन स्नुकर टुर्नामेन्ट' आयोजना गर्ने भएको छ (स्रोत: डेस्क)

गान्तोक ओल्ड युथ क्लबले आगामी १ नोभेम्बरदेखि गान्तोकस्थित लिङदिङ रोडमा 'सिक्किम खुल्ला स्नुकर प्रतियोगिता' आयोजना गरिरहेको छ।

मुख्यमन्त्री प्रेम सिंह तामाङको मार्गदर्शन तथा सिम्फेडका अध्यक्ष तेन्जिङ दोर्जी भुटियाको प्रमुख संरक्ष कत्वमा सञ्चालन हुने यस प्रतियोगिताको उद्देश्य खेल भावनाको प्रवर्द्धन गर्दै युवा प्रतिभालाई प्रोत्साहन गर्नु तथा सिक्किममा खेलकुद संस्कृतिको विकास गर्नु

रहेको छ। प्रतियोगिताको विजिताले ३ लाख रुपियाँ र उपविजेताले २ लाख रुपियाँ पुरस्कार प्राप्त गर्नेछन्। यसका साथै, 'हाइएस्ट ब्रेक' (Highest Break), 'सर्वोत्कृष्ट खेलाडी' तथा सेमिफाइनलमा पुग्ने चारै जना खेलाडीहरूलाई पनि नगद पुरस्कार प्रदान गरिने छ।

राष्ट्रिय एकता दिवसको पूर्वसन्ध्यामा आयोजित राष्ट्रिय मोटरसाइकल ऱ्यालीमा सहभागी सिक्किम प्रहरीको पाँच सदस्यीय टोली (स्रोत: डेस्क)

नाम्ची जिल्लाको मङ्लेस्थित तेस्रो इन्डिया रिजर्भ बटालियनमा सिक्किम विधानसभाकी उप-अध्यक्ष राजकुमारी थापा र सिक्किमका प्रहरी महानिर्देशक अक्षय सचदेवाको उपस्थितिमा राष्ट्रिय एकता दिवसको पूर्वसन्ध्यामा राष्ट्रिय मोटरसाइकल ऱ्याली सम्पन्न भयो। यस ऱ्यालीमा सहभागी सिक्किम प्रहरीका पाँच सदस्यीय टोलीलाई राष्ट्रव्यापी ऱ्यालीका निम्ति बिदाइ गरिएको छ।

भारतका 'लौह पुरुष' (आइरन म्यान) सरदार वल्लभभाइ पटेलको जन्मजयन्तीको अवसरमा ३१ अक्टोबरमा मनाइने राष्ट्रिय एकता दिवसअघि नै यो राष्ट्रव्यापी ऱ्याली २८ अक्टोबरमा गुजरातको एकता नगर पुग्ने समय तालिका छ।

यस ऱ्यालीको मुख्य नारा "लागूऔषध विरुद्धको लडाइँ" (Fight Against Drugs) रहेको छ, जसले लागूऔषधको दुरुपयोगबारे जनचेतना जगाउने र लागूऔषधमुक्त समाजको प्रवर्द्धन गर्न प्रहरीको प्रतिबद्धतालाई उजागर गर्दछ।

गभर्नर गोल्ड कप (स्रोत: डीआर दुलाल)

आज पाल्जोर स्टेडियममा ४२औँ अखिल भारतीय गभर्नर गोल्ड कपको दोस्रो सेमिफाइनल खेल सिलोङ लाजोङ फुटबल क्लब र सिङ्लिङ सकर क्लबबीच भइरहेको छ। पहिलो हाफसम्म दुवै टोलीले गोल गर्न सकेनन्।

पहिलो सेमिफाइनलमा सिक्किम आक्रमण फुटबल क्लबले ग्रान्ड फाइनलमा आफ्नो स्थान सुरक्षित गरिसकेको छ; उक्त फाइनल खेल १६ अक्टोबरमा गान्तोकस्थित पाल्जोर स्टेडियममा हुने तय भएको छ।